# मानेभन्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मानेभन्ज्याङ,ओखलढुङ्गा
## कोशी प्रदेश,नेपाल

पत्र संख्या: ०८१/८२
चलानी नम्बर: ८२७

मिति: २०८१/०८/२८
ने.सं. ११४५, थिलाथ्व,१३, शुक्रबार

श्री यो जो जससँग सम्बन्धित छ ।

विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा मानेभन्ज्याङ गाउँपालिका वडा नं.-४ मा अवस्थित श्री धुसेनी आ.वि. धुसेनीमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणी स्वीकृत दरबन्दीमा पदपुर्ति गर्न सरुवा प्रकृया अगाडी बढाइदिन हुन भनि वि.व्य.स. २०८१/०८/२५ को निर्णय तथा विद्यालयको मिति २०८१/०८/२५ च.नं. १० को पत्रबाट अनुरोध भई आएकाले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका -२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

पुनश्च:
१. तोकिएको म्याद भित्र विद्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।
२. म्याद नाघि वा तोकिएको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन ।
३. सरुवा हुन चाहेको विद्यालय एउटै स्थानीय तहको भए हाल कार्यरत विद्यालयको सहमति, एउटै जिल्लाको फरक स्थानीय तह अन्तर्गतको विद्यालय भए आफु कार्यरत विद्यालय र कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमति र सरुवा भइ जाने विद्यालय अर्को जिल्ला अन्तर्गत विद्यालय भए हाल कार्यरत विद्यालय, विद्यालय रहको स्थानीय तह र कार्यरत विद्यालय रहको शिक्षा विकास तता समन्वय इकाइको सहमति समेत समावेश गर्नुपर्नेछ ।
४. प्र.अ.को सम्पर्क नं. ९८४२९८१८६६ ।

वोधार्थ:
१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, ओखलढुङ्गा ।
२. श्री धुसेनी आ.वि. धुसेनी ।
३. श्री सूचना तथा प्रविधि शाखा: सूचना सम्प्रेषण गरिदिनुहुन ।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Website:http: www.manebhanjyangmun.gov.np,Email:ito.manebhanjyangmun@gmail.com,☎: 037-410065/67